सातौं नगर सभामा प्रस्तुत

## आर्थिक वर्ष २०७७/०७८ को

# नीति तथा कार्यक्रम

## फलेवास नगरपालिका

खानीगाउँ, पर्वत

अषाढ ८, २०७७

**नगर सभा सदस्यहरु,**

१. राज्यको शासकीय स्वरुप तीन तहमा पूर्नसंरचना गरी तीन तहका सरकारको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व तथा स्रोत साधनको वाडफाँड समेत गरि सो को कार्यान्वयन भई रहेको छ । तीन तहका सरकारहरु स्वशासन र सहशासनको अवधारणा अनुसार अगाडी वढीरहेका छन् । यिनिहरुवीच कार्यात्मक अन्तरसंवन्ध तथा समन्वयका क्षेत्रहरुको पहिचान समेत भई सकेको अवस्था छ । नागरिकले आफुँमा निहीत सार्वभौमसत्ताको कुशल र व्यवहारिक प्रयोगका लागि आफ्ना प्रतिनिधिहरु चयन गरी आफुँ संगै रहेर सुख दुखको सहयात्री स्थानीय सरकार निर्माण गरेको तीन वर्ष पुरा भई सकेको छ । नेपालको स्वाधिनताको रक्षा तथा नेपालीहरुको जीउ, धन, समानता, स्वतन्त्रताको संरक्षण गरी आधारभूत मानव अधिकारको स्थापना तथा पूर्नवहाली गर्न सदियौ देखि संघर्ष गर्ने सवै राजनैतिक योद्धाहरु प्रति म हृदय देखि नै स्मरण गर्न चाहन्छु । साथै आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

२. लोकतन्त्रका आधारभूत मूल्यमान्यता, मानव अधिकारको संरक्षण, सुशासन, विधिको शासन र नगरवासीको आधारभूत हक अधिकारको स्थापना र कार्यान्वयन गरी नगरवासी प्रतिको प्रत्यक्ष उत्तरदायीत्व तथा जवाफदेहिता सिर्जना गर्दै लोकतन्त्रलाई जराधार (grass root) देखि नै सवल वनाई लोकतान्त्रिक लाभहरुको समन्यायिक वितरण गर्न फलेवास नगर सरकार क्रियाशिल रहेको यहाँहरु समक्ष पुनः स्मरण गर्न चाहन्छु । यसै परिप्रेक्षमा फलेवास नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम सार्वभौमसत्ता सम्पन्न नागरिकवाट निर्वाचित जनप्रतिनिधिको हैसियतले यस गरिमामय सातौं नगर सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

३. कोरोना भाइरसको महामारी (कोभिड १९) ले अहिले विश्व चुनौतीपूर्ण अवस्था र सताव्दी कै महासंकटमा गुज्रिरहेको छ । विश्वमा लाखौं जनाको ज्यान लिइसकेको महामारी नेपालमा समेत अधिकांश क्षेत्रमा संक्रमण फैलिई ९ हजार भन्दा वढि पुगेको छ भने फलेवास नगरपालिकामा ११ जनामा संक्रमण

देखिएको छ । अन्तर सरकार समन्वय र सहकार्य, पर्वत जिल्लामा स्थानीय तहहरुको साझेदारीका कारण लकडाउनको कार्यान्वयन, क्वारेन्टाईनको उचित व्यवस्थापन, उपचारको प्रवन्धले गर्दा संक्रमित ४ जना सुधार भै घरमा फर्केका छन । नेपालकै अनुकरणीय कार्यको रुपमा रहेको टोल विकासको अगुवाईमा व्यवस्थापन भएका क्वारेन्टाईन, वार्ड क्वारेन्टाइन र कुस्मामा रहेको क्वारेन्टाइनमा ११५ जना रहेका छन । कोरोना भाइरसवाट स्वदेश तथा विदेशमा जीवन गुमाउनेहरुमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै सम्पूर्ण शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु साथै उपचाररथ रहनु भएका दाजुभाई तथा दिदिवहिनीहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. कोभिड १९ को महामारीलाई नियन्त्रण, रोकथाम र संक्रमण फैलिन नदिन २०७६ चैत्र ११ गते देखि लागु भएको लकडाउन प्रभावकारी रुपमा कार्यान्वयन भएको छ । नगरपालिकाले नेपालमा लकडाउन शुरु हुन पूर्व नै सचेतनाका कार्यक्रम संचालन गरी होम क्वारेन्टाइन, टोल क्वारेन्टाइन व्यवस्थापन, नगर भित्रका सवै संयन्त्र परिचालन

र राहात वितरणमा फलेवास नगरपालिकाले गरेको अभ्यास नेपालमा नै अनुकरणीय छ । वैदेशिक रोजगारवाट फर्केका नगरवासीहरुलाई जिल्ला सदरमुकाममा वसोवास र स्वाव टेष्टको प्रवन्ध मिलाई संक्रमण देखिएमा कोरोना अस्पतालमा उपचार र संक्रमण नदेखिएमा नगर भित्रका कोरेन्टाइनमा राख्ने व्यवस्था मिलाईएकोले हाल सम्म नगरपालिकावासीहरुमा कोरोना भाइरसको संक्रमणको जोखिम न्यून रहेको यहाँहरु समक्ष अवगत गराउदछु । यसका लागि नगरवासीको अदम्य साहस, साथ, सहयोग र समर्थनको लागि म हार्दिक धन्यवाद दिन चाहन्छु ।

५. कोरोना भाइरस (कोभिड १९) को महामारीले अमुल्य मानव जिवनमा महासंकट आईरहेको छ । दिनमा दुई गुणा रातमा चौगुणा रुपमा फैलिएको कोरोना भाइरसलाई परास्त गर्न, जस्तोसुकै अफ्ट्यारो परिस्थितीमा पनि चुनौतीको सामना गर्न, प्रतिकुल परिस्थितिलाई अनुकुल वनाउन आवश्यक भौतिक दुरी कायम गर्ने, सतर्कता अपनाउने, धैर्य, आत्मविश्वास र उच्च मनोवलका साथ सवै नगरवासीहरु एकढिक्का भएर अगाडी वढ्नुको विकल्प छैन । यस विषम परिस्थितिमा वढेको भौतिक दुरीवाट सिर्जित

समस्याहरुको न्यूनीकरणका लागि समाजिक दुरी न्यूनीकरण गरी अझै सवल, प्रगाढ र अन्तर सम्बन्धित वनाउन आवश्यक छ । कोभिड १९ को रोकथाम र नियन्त्रणका लागि प्रतिरोधात्मक तथा सहजीकरणका उपायहरुसंगै आयआर्जन मार्फत जिविकोपार्जन र वेरोजगार युवाहरुको श्रम केन्द्रित सामुदायिक विकास आयोजना कार्यान्वयन गरी फलेवास नगर भित्र यसवाट सिर्जित समस्याहरुको दिगो रुपमा समाधान गर्ने गरी कार्यक्रमहरु अगाडी वढाइएको छ ।

६. नेपालको संविधानले दिएको संवैधानिक अधिकार, संविधानको प्रस्तावनाको मर्म र भावनालाई आत्मसात गर्दै जनताको नजिकको सरकारका हैसियतले ४४ वटा ऐन कानुनद्धारा जनताको चाहना, स्थानीय आवश्यकता, लोकतान्त्रिक मूल्य र मान्यता वमोजिम सरकार संचालन गर्दै आएका छौं । सन्तुलित, सुदृढ, समावेशी, समन्यायीक दिगो आर्थिक विकास, प्रभावकारी रोजगारीका अवसरहरु सृजना गर्ने, आर्थिक लगायत सवै किसिम र स्वरुपका असमानता हटाउने, चुस्त प्रशासनिक संयन्त्र निर्माण गरी नगरवासीहरुलाई सुशासनको प्रत्याभूति दिई समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न नगरकार्यपालिका प्रतिवद्ध रहेको छ । यसको लागि

आवश्यकता र औचित्यमा आधारित भएर राजनैतिक, आर्थिक तथा प्रशासनिक क्रियाकलापहरु संचालन गरिएको छ । संवैधानिक अधिकारको स्थानीय तहमा नै प्रयोग र प्रचलनमा ल्याउन अन्य आवश्यक नीति, नियम, कानूनहरुको निर्माण गरिएको छ ।

७. संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरु सहज रुपमा स्थानीय नागरिक सम्म पूऱ्याई लोकतन्त्रको प्रतिफलको अनुभूति दिलाउन स्थानीय सरकार वलियो आधार वनेका छन । नगर, वार्ड, टोल र वस्ती सम्म संयन्त्र परिचालन मार्फत समन्यायिक वितरण गर्न नगर कार्यपालिकाले दिर्घकालिन, मध्यकालिन र अल्पकालिन कार्यक्रमहरु अगाडी वढाई कार्यान्वयनमा ल्याएको छ । जनताद्धारा चुनेका हामी जनप्रतिनिधिले जनताकै चाहना वमोजिम नागरिकको सर्वोपरि हित र विकासका लागि फलेवास नगर कार्यपालिकाका सवै संयन्त्र परिचालन भएको गरिमामय सभा समक्ष निवेदन गर्न चाहान्छु ।

८. विकास दिगो र सकरात्मक परिवर्तन तर्फ केन्द्रित हुनु पर्छ । पहिलो नगर सभावाट नै हामी दिर्घकालिन सोच, फलेवास र फलेवासीलाई जोड्ने विकास, अन्य पालिकासंगको सम्वन्ध स्थापित गर्ने योजनालाई जोड दियौं । कठिन भौगोलिक अवस्था, ग्रामिण परिवेशको नगरपालिका, आन्तरिक श्रोतको न्युनता, असिमित आवश्यकता, नगरवासीहरुको अधिक विकासको चाहाना, हामीसंग भएको सिमित श्रोत साधनले नागरिकले अपेक्षा गरे अनुसारको सम्वोधन भयो या भएन अध्ययन, विश्लेषण र समिक्षा गर्न आवश्यक छ ।

९. फलेवास नगरपालिका दिगो विकासका लागि दीर्घकालिन सोचका साथ अगाडी वढेको छ । हामी निर्वाचनका वेला नगरवासीहरुसंग गरेको प्रतिवद्धता, गुरुयोजना निर्माण, गुरुयोजनाले तय गरेको योजनावद्ध विकास, आवधिक र वार्षिक योजनामा केन्द्रित रही विकासका क्रियाकलापहरु अगाडी वढाएका छौं । फलेवास नगरपालिकाले अगाडी सारेका दिगो सोच र दृष्टकोण छिमेकी स्थानीय सरकार, प्रदेश तथा संघीय सरकारले समेत आत्मसाथ गरी कार्यान्वयनमा हातेमालो भैरहेको छ ।

१०. वहुप्रतिष्ठित प्रस्तावको रुपमा नगर कार्यपालिकाबाट अगाडी वढाईएको कालीगण्डकी वहुउद्देश्यीय परियोजनाको पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भई सकेको छ । ८४४ मेघावाट विद्युत उत्पादन हुने अनुमान भएको सो परियोजनाको प्रारम्भिक अध्ययन गर्न विद्युत विकास विभागबाट ग्लोबल टेण्डर आव्हान भई डिपिआर निर्माण गर्ने कम्पनीको रुपमा एसएमइसि इन्टरनेशनल जेडि कन्सल्टेन्सी जेभीले कार्य प्रारम्भ गरेको छ ।

११. यस नगरपालिकामा वाहिरी, भित्री तथा सेन्टर चक्रपथको निर्माण तथा सुधार कार्य द्रुत गतिमा भै रहेको छ । स्याङजाको नौडाँडा हुदैं यस नगरपालिकाको कार्कीनेटा, थापाठाना, शंकरपोखरी, देविस्थान, जैमुनीघाट र वाग्लुङ्ग को गाजाको दह, गलकोट सडकको निर्माणले नेपालको गण्डकी प्रदेश, ५ नं. प्रदेश र कर्णाली प्रदेशको आर्थिक, भौतिक, सामाजिक एवं सांस्कृतिक विकासको संजालीकरणमा सघाउ पुऱ्याउने छ । यस सडकको कालोपत्रे गर्ने कार्यको शुरुवात भएको छ । थापाठाना- भंगरा-लिमिठाना-लमाए-खानीगाउँ सडकको स्तरोन्नति कार्यको शुरुवात भएको छ । कार्किनेटा-

भुजेलस्वारा-पत्यार-नुवार-तातोपानी सडक, थापाठाना-सिरुवारी-अर्चले-लिमिठाना-चिर्दिखोला सडक, कार्किनेटा आहालेगैरा-टिमुरवोट-अन्धाअन्धी सडक, सिरिकाङ्ग सिवचोक देखि पाङराङ सडक, साइकल चोक नुवार चुचन देउराली सडक, तातोपानी रुग्दी चुचन देउराली पोखराचौर सडक जस्ता नगरको सवै भुभाग तथा नगर केन्द्रसँग संजालीकरण गर्ने सडक मार्गहरुको स्तरीकरणको शुरुवात गरिएको छ । नगरको भित्री चक्रपथको स्तरोन्नति भै रहेको छ । केन्द्र चक्रपथ कालोपत्रे गर्ने कार्य शुरु भएको छ । नगरका सवै वस्तिहरुलाई यीनै चक्रपथहरु सँग संजालीकरण गर्ने कार्य अगाडी वढेको छ । विकासमा भावी पुस्ताहरुको आवश्यकतालाई समेत ध्यान दिएर सडक मापदण्ड निर्माण गरिएको छ । सवै वस्तीलाई यातायातको सहज, सरल, तथा गुणस्तरीय पहुँच निर्माण गर्न नगर प्रयत्नशील छ । नगरको डोजरद्धारा आकास्मिक सडक मर्मत र ट्याक ओपन कार्य भईरहेको छ । अव नगरको कुनै पनि मुख्य वस्तीको नागरिक वढीमा ५ मिनेटको हिडाइवाट सडकको पहुँचमा हुनेछ ।

१२. यातायात संजालीकरणलाई पूर्णता दिन नदी तथा खोलाहरुमा मोटरेबल पूल निर्माण भईरहेका छन । मुडिकुवा लमाय लुंखु सडकमा चिर्दिखोलामा, लिमिठाना अर्चले सिरुवारी थापाठाना सडकमा खाल्टेखोलामा मोटरेवल पुल निर्माण सम्पन्न भएको छ । कालिगण्डकी लोकमार्गको मोदिवेणीमा र लमाय खोलामा, नौडाँडा कार्किनेटा देविस्थान जैमुनि गलकोट सडक खण्डको कालिगण्डकी नदि जैमुनीमा मोटरेवल पुल निर्माणाधिन छन । पर्वत खण्डको (फलेवास) कालिगण्डकी लोकमार्ग र वाग्लुङ खण्डको कालिगण्डकी राजमार्गलाई जोड्ने सुम्साघाटमा मोटरेवल पुल निर्माण हुने चरणमा पुगेकोले यातायात सुविधामा थप सहजता भई आर्थिक, सामाजिक एवं सांस्कृतिक सम्वन्धलाई थप प्रगाढ वनाउने छ ।

१३. गरिवी निवारण र आर्थिक संवृद्धीका लागि नगरले सीपमा आधारित उद्यमशीलता विकास मार्फत व्यवसाय विस्तारका कार्यक्रम कार्यान्वयन गरिरहेको छ । एक वडा एक महिला उद्योग स्थापना गर्ने नगर कार्यपालिकाको घोषित नीति अनुसार सिलाइ उद्योग देविस्थान, ढाका उद्योग खानीगाउँ, दुग्ध प्रशोधन

उद्योग कुर्घामा शुरुवात भएकोछ । घरेलु औजार उद्योग कार्किनेटा, चुरी र एकिकृत वस्ती अर्चलेमा शुरु भएको छ । साना उद्यम भएका १०९ आरान संचालकहरुलाई मेसिनरी औजार सहित प्रविधि हस्तान्तरण गरिएको छ ।

१४. अंग्रेजी माध्यम सहितको गुणस्तरीय शिक्षा, गुणस्तरीय खानेपानी, सिंचाइको पर्याप्तता तथा सघनता, स्वास्थ्यमा सवै नागरिकको सरल, सहज र गुणस्तरीय पहुँच, वातावरण संरक्षणका कार्यक्रमहरु, कृषिको व्यावसायीकरण, आधुनिकीकरण तथा प्रविधीकरण, व्यवसायीक पशुपालन जस्ता पहिलो वर्षवाट नै संचालन गर्दै आएका विविध कार्यक्रमहरुको दिगोपना र निरन्तरता कायम गर्न आवश्यक क्रियकलाप संचालन गरिएको छ ।

१५. वृहत कृषि फार्म शंकरपोखरी मल्यांदी खोला र ठानामौलाको खाल्टेमा शुरुवात भएको छ । एक वार्ड एक पशु फार्म पाङराङको कनार्स, देविस्थानमा शुरु भएको छ भने एक वार्ड एक कृषि फार्म लिमिठाना, खानीगाउँ, मुडिकुवाको माटेदेवल र ठानामौलाको पोखरा धारामा शुरुवात भएको छ । जसवाट कृषिलाई उद्योगको रुपमा विकास गरी नगरलाई एक कृषि

हबको रुपमा विकास गर्न सघाउ पुग्नेछ । शुरु गरिएका फार्महरुको स्तरोन्नति गर्ने तथा संभाव्य स्थानहरुको पहिचान गरी नयाँ फार्महरु स्थापना गर्ने कार्यक्रम अगाडी वढाइएको छ ।

१६. सभा सदस्यहरु, फलेवास नगर कार्यपालिका सदैव नागरिकको हित र समृद्धीको पक्षमा रहेको छ । नागरिकका वास्तविक मागहरु संवोधन गर्न चाहन्छ । दीर्घकालिन महत्व तथा दिगो विकासका कार्यक्रमहरु संचालन गर्ने सोच राख्दछ । दिगो विकासका आयामहरुलाई विकासमा आन्तरिकीकरण गर्न हामीले क्लिन हाउस ग्रिन हाउस, क्लिन रोड ग्रिन रोड, क्लिन टोल ग्रिन टोल, क्लिन स्कुल ग्रिन स्कुल, क्लिन वार्ड ग्रिन वार्ड हुँदै समष्ठीमा क्लिन फलेवास ग्रिन फलेवासको अभियानको शुरुवात गरेका छौ । विकासको प्रतिफलमा समन्यायिकता स्थापना गर्न, सामाजिक समावेशीकरण सुनिश्चित गर्न, हरित विकासको अवधारणालाई आत्मासाथ गर्ने तथा सुनिश्चित गर्ने सोचका साथ यो कार्यक्रम अगाडी ल्याईएको हो । यो वृहत सोचको क्लिन फलेवास ग्रिन

फलेवास अभियानलाई कार्यान्वयन गरिएको छ । यसको सफल कार्यान्वयन गरी नागरिकलाई प्रत्यक्ष लाभ दिलाउन तथा विकासमा अपनत्व र स्वामित्व स्थापना गर्न नागरिक सहभागितालाई पनि यस अभियानमा एकाकार गरिएको छ ।

१७. फलेवास नगरपालिकाको पहिलो, तेश्रो र पाँचौ नगर सभाले स्वीकृत गरेका दीर्घकालिन महत्वका नीति तथा कार्यक्रमहरुको दीगोपनाको लागि आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ । कृषि पर्यटन पूर्वाधार र रोजगार : समृद्ध फलेवास सुन्दरताको आधार भन्ने नारालाई साकार पार्न नागरिक केन्द्रीत भै उनीहरुकै सार्थक, अर्थपूर्ण तथा जीवन्त सहभागितामा नविन कार्यक्रमहरु शुरुवात गरिनेछ ।

**सभा सदस्यहरु,**

१८. अव म फलेवास नगर कार्यपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्दछु ।

## क्लिन फलेवास ग्रिन फलेवास

१९. सकरात्मक सोच, खोज र दृष्टिकोणले समाजको विकासमा उर्जा दिई अगाडी वढ्न मद्धत गर्दछ । फलेवासको विकासमा सवै नगरवासीहरुको सहभागिता, आर्थिक विकास, सामाजिक विकास, दिगो पूर्वाधार विकास, वातावरणीय विकासका लागि सामाजिक जागरणको रुपमा क्लिन फलेवास ग्रिन फलेवास अभियानलाई निरन्तर अगाडी वढाईने छ ।

२०. पृथ्वी सवैको साझा हो । फलेवासलाई मानव तथा सवै जीवजन्तुहरु वस्न योग्य स्थान वनाउने हाम्रो कर्तव्य हो । नगरका प्रत्येक घर, टोल र व्यक्तिसँग नगर कार्यपालिकाको संवन्ध स्थापित गर्दै नागरिकका दैनिक सोच र आवश्यकता पूर्ति गर्ने साथी र सारथीको रुपमा विकास गर्ने, स्वच्छ, स्वस्थ वातावरण र सरसफाईयुक्त नगर निर्माण गर्ने क्लिन फलेवास ग्रिन फलेवास अभियानले जोड दिने छ ।

२१. क्लिन फलेवास ग्रिन फलेवास अभियान विपन्न, पछाडि पारिएको वर्ग र समुदायको दैनिक आवश्यकता र जिविकोपार्जमा केन्द्रीत हुँदै  सुखी, खुसि, समुन्नत तथा

जवाफदेही नगरवासी वसोवास गर्ने नगर निर्माणको दिशामा अगाडी वढनेछ ।

२२. गत वर्षवाट संचालनमा ल्याइएको क्लिन फलेवास ग्रिन फलेवास अभियान अन्तर्गतका कार्यक्रमहरुलाई निरन्तरता दिई सुखी फलेवासी खुसी फलेवासीकालागि महत्वपूर्ण योजनाको रुपमा अगाडी वढाईने छ । नगरको सर्वाङ्गीण, वहुआयामिक तथा वहुउद्धेश्यीय विकासको रुपमा यो अभियान कोशेढुंगा सावित हुनेछ ।

**सभा सदस्यहरु,**

**पूर्वाधार विकास**

२३. नगर कार्यपालिकाको कुनै भौतिक पूर्वाधार विना असहज परिस्थितीमा मोती सामुदायिक पुस्तकालयका ४ वटा कोठा लिएर कार्यालय संचालन गरि करिव डेड वर्ष वितेको यहाँहरुलाई अवगत नै छ । अहिले हामी जहाँ छौं यो जमिन र भवनको स्वामित्व पनि हाम्रो होईन ता पनि अहिले हामी सरकारी जमिनमा संरचना थप गरी कार्यालय संचालन गरिरहेका छौं ।

नगरपालिकाको जनसंख्या वृद्धि, कर्मचारी संरचना वृद्धि, हामीले निर्माण गरेका सडकमा सहज यातायातको सुविधा वृद्धि हुंदै जांदा सेवाग्राहि नगरवासीहरु पैदल आउनेको संख्या न्युन हुंदै जान्छ जसले गर्दा वृहत सोच विचार गरी भवन निर्माण गर्नु पर्दछ । नगर कार्यपालिकाको कार्यालय रहने उपयुक्त स्थान चयन गरी फलेवास नगरपालिकाको मुख्य प्रशासनीक भवन निर्माणको को डि.पि.आर. तयार गरी भवन निर्माणको काम प्रारम्भ गरिने छ ।

२४. वडा कार्यालय निर्माण गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी वनाईने छ । वडा नं. ४ र ६ को कार्यालय निर्माण भई रहेको छ । वडा नं. २, ९, १० र ११ को वडा कार्यालय निर्माण आगामी वर्ष सम्ममा सम्पन्न गरिने छ । वडा नं. ३, ५ र ८ को वडा कार्यालय निर्माणलाई प्राथमिकतामा राखी अगाडी वढाईने छ ।

२५. आधारभूत स्वास्थ्यमा नागरिकहरुको सहज, सरल र गुणस्तरीय पहुँच स्थापना गर्न स्वास्थ्य चौकीहरुको भौतिक सुविधा विस्तार र स्वास्थ्यकर्मीहरुको व्यवस्थापनले महत्वपुर्ण भूमिका खेल्दछ ।

यसका लागि नगरपालिकाको वडा नं. १, ३, ५, ६, ११ का स्वास्थ्य चौकी भवन निर्माण भएका छन । वडा नं. ९ र १० को स्वास्थ्य चौकी भवन निर्माणाधिन छन । आगामी आर्थिक वर्षमा वडा नं. २, ४, ७ र ८ मा रहेका स्वास्थ्य चौकी भवन निर्माणका लागि प्रस्ताव अगाडी वढाईने छ ।

२६. नेपालको उत्तर दक्षिण जोड्ने कालिगण्डकी लोकमार्ग नगरको समथर भूभाग हुदैं अधिकासं क्षेत्रको ट्र्याक ओपनको काम भई स्तरवृद्धिको कार्य भई रहेको छ । यस सडकले वडा नं. ४,६,१० र ११ को क्षेत्रलाई समेटेको हुंदा वस्ती विकास, व्यापार व्यवशाय र औधोगिकिकरण, फलेवासमा शहरीकरणका कार्यक्रम अगाडी वढाईने छ ।

२७. जिल्ला सदरमुकाम, प्रदेश राजधानी जोड्ने महत्वपूर्ण सडक फलेवास दोविल्ला-फलेवास-ढिक सडक स्तरोन्नतिको काम शुरु भएको छ । कोभिड १९ को महामारी, सरकारले लगाएको लकडाउनले काममा ढिलाई भए पनि आगामी आर्थिक वर्षमा पुरा हुने अपेक्षा गरिएको छ ।

हाम्रो सर्वाङ्गीण विकासको स्तम्भ कालिगण्डकी जलाशययुक्त परियोजनाको निर्माण तथा विकासमा पनि यो सडक महत्वपूर्ण पूर्वाधारका रुपमा स्थापित हुनेछ । यो सडकको कालोपत्रेले छिमेकी पालिकाहरुसँग सहज यातायात संवन्ध कायम हुनेछ ।

२८. फलेवास नगरपालिकाले महत्वपूर्ण सडकको रुपमा परिकल्पना गरेको गण्डकी प्रदेशको राजधानी पोखरासंग जोडिने, ५ नंवर प्रदेशका महत्वपूर्ण स्थानहरुका साथै कर्णाली प्रदेशको राजधानी सुर्खेत जोडने द्रुत सडक नौडाँडा-कार्कीनेटा-थापाठाना-शंकरपोखरी-देविस्थान-जैमनीघाट- गाजाको दह, गलकोट सडकको स्तरोन्नती तथा कालोपत्रे गर्ने काम शुरुवात भएको छ । यस सडकको निर्माणले अन्तर प्रादेशिक सडक सञ्जालको निर्माण भै आर्थिक, सामाजिक तथा साँस्कृतिक समन्वय तथा संजालीकरणमा सहजता ल्याउनेछ ।

२९. नगरले परिकल्पना गरेको वाहिरी चक्रपथको ट्रयाक खोल्ने काम आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ । भित्रि चक्रपथको निर्माण तथा स्तरोन्नतिको कार्यलाई निरन्तरता

दिईने छ । वाहिरी चक्रपथको संपूर्ण ट्र्याक खोली वर्षैभर यातायात सुचारु हुने व्यवस्था मिलाइने छ । भित्रि चक्रपथको स्तरोन्नतिको कार्य दुर्तगतिमा भई रहेको छ । चालु आ.व.मा भित्री चक्रपथ अन्तर्गत लमायखोला लिमिठाना खण्ड नगर र संघीय सरकारको सहलगानी (समपुरक) मा कालोपत्रे गर्ने गरी प्रक्रिया अगाडी वढाईने छ । केन्द्र चक्रपथ वाँकी खण्डको कालोपत्रेको कार्य शुरु भई रहेको छ । यस कार्यले नगर क्षेत्रको यातायातलाई थप सहजता ल्याउने छ । सडक निर्माणमा गुणस्तरीयता प्रवर्द्धन गर्न नगरको निगरानी र साझेदारीका कार्यक्रम अगाडी वढाइने छ ।

३०. अन्तरपालिका र अन्तर वार्ड सडक सञ्जालीकरण गर्ने लिंकरोड सिर्काङ्ग पाङराङ, लिमिठाना अर्चले सिरुवारी थापाठाना, सिरसुवा मुडिकुवा, रुग्दी तातोपानी चुचुन देउराली सडक स्तरोन्नतीको कार्य भईरहेको छ र यिनीहरुलाई आगामी आ.व.मा पनि निरन्तरता दिईने छ ।

३१. नगरको मुख्य वस्ती सडक यातायातवाट वढीमा ५ मिनेटको पैदल दुरीमा सञ्जालीकरण गर्ने सोचका साथ नगरपालिकाको एक्साभेटरले काम गरि रहेको छ । वाँकी रहेका नयाँ ट्याक

ओपन गर्ने सडकहरु निर्माण गर्ने कार्य नगरपालिकाको एक्साभेटर र व्याक हु लोडरबाट गरिनेछ । वस्ती स्तरीय सडक संजाल निर्माणलाई वढि प्राथमिकता दिइनेछ ।

३२. नगरमा वहुआयामिक दिगो पूर्वाधार निर्माण गर्न आगामी आर्थिक वर्षमा नगर औधोगिक ग्राम, वसपार्क, ड्याम्पिङ साईड निर्माणको लागि जग्गा पहिचान गरी कार्य प्रारम्भ हुने छ । यस नगरपालिकाको वडा नं. ४ को अम्वोटमा सिटी हल निर्माणका लागि सम्भावित स्थान छनौट भएको हुंदा संघ, प्रदेश तथा अन्य सहयोगी निकायको खोजी गरिने छ ।

३३. नगरको सिरसुवा क्षेत्रमा निर्माणाधिन सिरसुवा कैया अग्लो झोलुङ्गे पुल निर्माण सम्पन्न हुने अवस्थामा पुगेको छ । सिरसुवा र मोदीवेनी क्षेत्र पुलैपुलको चक्रपथको रुपमा स्थापना हुनेछ । यसको वहुआयामिक विकासवाट पर्यटन विकासमा टेवा पुग्ने, पर्यटन प्रवर्द्धन हुने कार्यक्रम संचालन गरिने छ । यस क्षेत्रको विकासका लागि धार्मिक पर्यटनमा जोड दिइनेछ ।

३४. क्लिन रोड ग्रिन रोड अभियान मार्फत सडक छेउछाउमा वृक्षारोपण, चौतारी पोखरी निर्माण, अम्रिसो तथा डाले घाँस रोपण कार्यक्रम सघन रुपमा संचालन गरिनेछ। कालोपत्रे भई सकेका सडकलाई हरित सडकको रुपमा विकास गर्ने कार्यक्रम कार्यान्वयन गरिने छ । यसवाट सडकको वहुआयामिक र दिगो उपयोग भई सडक संरक्षरण र व्यवसायिकता अभिवृद्धी हुनेछ।

३५. नगरवासीको आवागमनमा भरपर्दो सुरक्षा व्यवस्थापन गर्न तथा यातायातमा सहज पहुँच स्थापना गर्न आउरी खोला, सेराफाँट, भंगारी खोला झोलुङ्गेपुल निर्माण कार्य भई रहेको छ । आगामी आर्थिक वर्षमा सिसाठाँटी सिमखेत झोलुङ्गेपुल, वाईफाई चोक डडाँलचौर झोलुङ्गेपुल, बेलौरे चौतारा साठीमुरेको पुछार झोलुङ्गेपुल, ठुलोखोला चित्रेखोर बेतेनी पुछारघाट झोलुङ्गेपुल, चिर्दिखोला सातमुले झोलुङ्गेपुल निर्माण कार्यको शुरुवात गरिने छ । नगरका अग्ला स्थानहरुलाई संजालीकरण गरी आवतजावतलाई सहज बनाउन आवश्यक स्थानमा अग्ला झोलुङ्गेपुल निर्माण गर्न प्रक्रिया अगाडी बढाईने छ ।

३६. मनमोहन शान्ति वाटिका निर्माणको काम प्रारम्भ भएको छ। शान्ति वाटिकालाई केन्द्रित गरी कार्किनेटा, हटिया, खुम होमस्टेवाट पदमार्ग निर्माणको काम भईरहेको छ। शान्तिवाटिकाको डि.पि.आर.मा उल्लेखित पूर्वाधार विकास निर्माणको कार्यलाई निरन्तरता दिईने छ। खुला चिडियाखानाको विकास गरी डहरे अन्धाअन्धि क्षेत्रलाई पर्यापर्यटन र ऐतिहाँसिक पर्यटनको रुपमा अगाडी वढाउने कार्यक्रम संचालन गरिनेछ।

३७. शहरी शासकीय क्षमता विकास कार्यक्रम मार्फत आवास तथा वस्ती क्षेत्रमा पूर्वाधार सुधार, वसपार्क, सार्वजनिक शौचालय निर्माण कार्य अगाडी वढाईने छ। ग्रामीण वस्ती तथा वसोवासवाट निर्माण भएको फलेवास नगरपालिका लाई शहरोन्नमुख नगरमा रुपान्तरण गर्न आवश्यक पूर्वाधार विकासका कार्यक्रम ल्याइनेछ।

३८. काठेपोलले विद्युतीकरण भएको क्षेत्रमा जोखिमयुक्त जिविनयापनलाई सुरक्षित वनाउन पहिलो नगरसभाबाट तय गरीको काठेपोलमुक्त नगरलाई आगामी आर्थिक वर्षमा पुरा गरी उज्यालो नगर बनाउने अभियानलाई पूर्णता दिईनेछ ।

३९. फलेवास नगरमा रहेका वजार क्षेत्रलाई सुरक्षित वनाउन तथा आवागमनमा सहजता ल्याउन वजार क्षेत्रमा शौर्य उर्जा जडान कार्यको प्रारम्भ गत आ.व.वाट शुरुवात गरिएको छ, उक्त कार्यक्रमलाई निरन्तरता दिई उज्यालो नगर निर्माणलाई अभियानको रुपमा अगाडी बढाईने छ । फलेवास नगरपालिका प्रवेश गर्ने मुख्य स्थानहरुमा प्रवेश द्वार निर्माण गरिने छ ।

४०. फलेवास नगरपालिकामा रहेका जोखिमयुक्त घरहरुको पहिचान गरिएको छ । खरले छाएका घरहरुलाई सुरक्षित आवासको रुपमा रुपमान्तरण गर्न संघीय सरकारको सहकार्यमा कार्यक्रम संचालन गरिने छ । जनता आवास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न पहल गरिने छ । घर नभएका विपन्न परिवारको सुरक्षित आवासका लागि साझेदारीमा आवास निर्माण कार्य प्रारम्भ गरिने छ ।

४१. नगर कार्यपालिकाको कार्यालयबाट निर्माण भएका सडक लगायतका पूर्वाधारहरुको संरक्षण र दिगोपना सुनिश्चित गर्न त्यस्ता पूर्वाधारहरुको निर्माण गर्ने क्रममै निश्चित रकम लागत अनुमानमा समावेश गरी सो रकम छुट्टै मर्मत सम्भार कोषमा जम्मा गरी त्यस्तो रकमबाट आकश्मिक मर्मत सम्बन्धी कामहरु गर्ने गरी आवश्यक व्यवस्था मिलाईने छ । आयोजना निर्माणका क्रममा बायो ईन्जिनियरिङमा ध्यान दिई सडक सुन्दरता र सुरक्षा प्रवर्द्धन गर्न योजनाको लागत अनुमान तयार गर्ने क्रममै आवश्यक बजेट व्यवस्थापन गर्न शुरु गरिनेछ ।

४२. उपभोक्ता समितिको क्षमता विकास गरी समितिका पदाधिकारीहरुको व्यवसायिकता सुदृढ गर्न उपभोक्ता समितिको दर्ता तथा नवीकरणलाई अद्यावधिक गरी उनिहरुको क्षमता विकास गरिनेछ ।

**सभा सदस्यहरु,**

## आर्थिक विकास

४३. फलेवासले अगाडी ल्याएको मुलुककै वहुआयामिक विकासमा सघाउ पुऱ्याउने कालिगण्डकी जलाशययुक्त वहुउद्देश्यीय परियोजना संघीय सरकारवाट कार्यान्वयन भएको छ । पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भई ८४४ मेघावाट क्षमताको जलविद्युत उत्पादन हुने अवस्था देखिएको यस परियोजनाको ग्लोबल टेण्डर आव्हानबाट डिपिआर निर्माण गर्ने कम्पनीको रुपमा एसएमइसि इन्टरनेशनल जेडि कन्सल्ट जेभीले कार्य प्रारम्भ गरेको छ । उक्त वहुउद्देश्यीय परियोजनामा पानीको पूर्णकालीन आपूर्तिको स्तर ७ सय ५० मिटर, तल्लो पानीको स्तर ५ सय ३३ मिटर र बाँधको उचाई २ सय २० मिटरको हुने प्रारम्भिक अध्ययनले देखाएको यस वहुउद्देश्यीय परियोजनाको लागि संघीय सरकारले ६ करोड ५० लाख भन्दा वढि रकम विनियोजन हुनुले फलेवासीलाई मात्र नभई गण्डकी प्रदेश तथा नेपालकै गौरव र समृद्धिको योजना हुने अपेक्षा गरिएको छ ।

यसको विकासले पर्यटन, सिंचाई, खानेपानी, जल यातायात, मत्स्यपालन मार्फत रोजगारी सिर्जना गरी दीर्घकालिन संवृद्धीको ढोका खोल्ने छ । यो वृहत कार्याक्रमलाई अगाडी वढाउन नागरिक सचेतना तथा साझेदारी लगायत सहजीकरणका कार्यक्रम ल्याइने छ ।

४४. पर्यटन विकासको महत्वपूर्ण आधार हो । फलेवासको पर्यटन विकासका लागि डहरे क्षेत्र, चिसापानी क्षेत्र, कालीगण्डकी क्षेत्र, लमाय खोला क्षेत्र महत्वपूर्ण छन । डहरे क्षेत्रमा जैविक विविधता, ओपन जू, लिमिकोट, पुरकोट, अन्धाअन्धी सर्किट, वजारमारा, चिसापानी क्षेत्रमा जडिवुटि, पर्यापर्यटन, गायत्री आश्राम, सुलिकोट, कालिगण्डकी क्षेत्रमा जल यातायात, धार्मिक पर्यटन, मोदिवेणी, सत्तल, जैमुनि क्षेत्रको विकासमा जोड, लमाय खोला क्षेत्रमा निर्मित ताल, सातमुले, भूमेकोट, डान्सिङ्ग क्षेत्रको प्रचारप्रसार, गुरुयोजना निर्माण र पूर्वाधार विकासको लागि साझेदारको खोजी गरी सहकार्य गरिने छ ।

४५. पहिलो नगर सभावाट नै पर्यटन विकासलाई प्राथमिकता दिदैं विविध कार्यक्रमहरु संचालन हुंदै आएका छन । पदमार्ग निर्माण, खुमको होमस्टे, धार्मिक पर्यटन, लोकसंस्कृतिको

संरक्षण लगायतका कार्यक्रमलाई थप फैलावट, व्यवस्थित, गुणस्तरीयतालाई जोड दिई कार्यक्रम संचालन गरिने छ ।

४६. डहरे क्षेत्र र चिसापानी क्षेत्र जैविक विविधता र पर्यापर्यटनका हिसावले महत्व वोकेको क्षेत्र हो । ओपन जू क्षेत्रमा पदमार्ग निर्माण गरी पर्यटकलाई सहज आवागमनको व्यवस्था मिलाइने छ । प्रदेश राजधानी पोखरा भदौरे कार्किनेटा लुंखु सेतीवेणी रिडी जोड्ने पर्यटकीय सडकमा पर्ने क्षेत्र भएको हुंदा पर्यापर्यटनको क्षेत्रमा अनुसन्धान गरिने छ ।

४७. सुलिकोत, भूमेकोत, लिमिकोत, पुर्कोत, जिताकोत, थामकोत, चिसापानी, गायत्री आश्राम, वजारमारा, सातमुले क्षेत्र, चण्डी मन्दिर हटिया, चक्रुफुलवारी, मोदीवेणी धार्मिक पर्यटकको विकास गर्ने कार्यक्रम अगाडी वढाईने छ ।

४८. कालिगण्डकीमा ज्याफ्टिङको विकास, लमाय खोला र चिर्दिखोलामा निर्मित ताल, माछापालन, डान्सिङ्गमा वनभोज स्थल निर्माणका लागि अध्ययन गरिने छ ।

४९. धातुका सामान निर्माण गर्ने सीप भएका श्रमिकहरुको सीपलाई व्यवशायीकरण गर्न शुरु गरिएको छ । विदेशवाट फर्केका युवाहरुको सीपलाई रोजगार र व्यवशाय प्रवर्द्धनमा प्रोत्साहन

गरिने छ । नगर भित्र रहेका परम्परागत आरानको सुधार गर्ने कार्यक्रम चालु आ.व.मा प्रारम्भ भएको छ । एक वार्ड एक घरेलु औजार उद्योग, परम्परागत पेशा व्यवशायको सुदृढिकरणलाई निरन्तरता र थप परिस्कृत गर्दै पूर्ण व्यवसायिकरण गर्दै लगिने छ ।

५०. नगर भित्र रहेका व्यापार व्यवशाय र उद्योगको नियमित रुपमा प्रवर्द्धन, सहजिकरण तथा नियमन हुंदै आएको छ । नगर क्षेत्रमा उद्योगको प्रवर्द्धन र व्यवस्थापनका लागि उद्योग ग्रामको विकास गरिने छ ।

५१. नगरवासीको जिविकोपार्जन र आर्थिक विकासको मेरुदण्ड उद्यम विकास हो । वनजंगलमा खेर गएका कच्चा पदार्थ, कृषकहरुद्धारा उत्पादित वस्तुको प्रशोधन गरी वजारीकरणमा जोड दिन आवश्यक रहेको छ । नगर क्षेत्रमा सम्भावना रहेका सालको पातवाट टपरी निर्माण, वाँसजन्य सामाग्री निर्माण, कफी प्रशोधन, मकै प्रशोधन उद्योगको सम्भावना देखिएको छ । लघुउद्यम विकास मार्फत सीप विकास, प्रविधि हस्तान्तरण गरी पुराना उद्यमीको स्तरवृद्धि र नयाँ उद्यमीको सृजना हुने कार्यक्रमलाई अगाडी वढाईने छ ।

५२. एकका लागि सवै र सवैका लागि एक सहकारीको मर्म हो । सहकार्य, सहयोग, साझेदारिता नै सिमान्त किसानको आर्थिक विकासको लागि साथी र सारथी हो । नगर भित्र रहेका सहकारीलाई सहकारीको सिद्धान्त, मूल्य मान्यता भित्र रहेर संचालन गर्न अनुगमन, नियमनका कार्य नियमित रुपमा गरिने छ । गरिवसँग सहकारी, सहकारीमा रहेको पुंजीलाई आयआर्जन, उद्यम विकास र आर्थिक विकासमा केन्द्रित गर्ने वातावरण सृजना गरिने छ ।

५३. सहकारीहरुले गरेको काम, योगदान, भूमिका, पारेको प्रभाव अध्ययन, तथ्यांक संकलन गरी प्रकाशन गरिने छ । सरकारी तथा सहकारी साझेदारी कार्यक्रमको पहिचान गरि कार्यक्रम संचालन गरिने छ । राम्रो काम गर्ने सहकारी र सहकारी कर्मिलाई सम्मान र पुरस्कृत गर्दै लगिने छ । एक व्यक्ति एक सहकारीको अवधारणालाई कडाईका साथ लागु गरिने छ ।

५४. वास्तविक अंसगठित श्रमिकको वर्तमानको आम्दानी आकर्षक देखिन्छ तर भविष्यको सामाजिक सुरक्षा देखिदैंन । मानव मूल्य, समानता, सामाजिक न्यायका लागि नगर क्षेत्रमा क्रियाशिल रहेका विपन्न वर्गका श्रमिकको भावी दिनको सहज

जिवनयापनका लागि श्रमिक कल्याण कोषको शुभारम्भ गरिने छ । यस कार्यले श्रमिकको भविश्यको सहारा, जिवन सुरक्षा, जिवन रक्षा, स्वावलम्वनको वाटोमा डोऱ्याउन मद्धत पुग्ने छ ।

५५. मौसमी वेरोजगारको खाली समयलाई औद्योगिक क्षेत्र तर्फ स्थानान्तरण गरिनेछ । कृषिमा रहेको अर्ध वेरोजगार तथा लुकेको वेरोजगारलाई कृषिमा व्यावसायिकरण तथा औद्योगिकीकरण मार्फत रोजगार सिर्जना गरिने छ ।

५६. कृषि उत्पादनको विविधिकरण मार्फत संविधान प्रदत्त खाद्य संप्रभुताको हकको सुनिश्चितता गरिने छ । फलेवासको भौगोलिक अवस्था अनुसार कृषि विकास योजना अगाडी सार्नु पर्दछ । समथर भूभाग खाद्यन्न तथा तरकारी उत्पादन, लमाय खोला पारी फलफूल उत्पादन, नगरको पूर्वी डाँडा क्षेत्र फलफुल तथा तरकारी उत्पादन गर्न सकिने अवस्था छ । गत आ.व. देखि हामीले अगाडी सारेको एक वार्ड एक कृषि फार्ममा निरन्तर उत्पादन भैरहेको छ, चालु आ.व.मा अगाडी सारेको वृहत कृषि फार्म अन्तर्गत वडा नं. ३ को मल्यांदी खोला राङथास क्षेत्रमा २०० रोपनीमा फलफूल खेती शुरु भएको छ । वडा नं. ८ खाल्टेमा पहिलो वर्ष १०० रोपनी र

दोश्रो वर्ष १०० रोपनीमा फलफुल खेती हुने गरी वृहत कृषि फार्म अन्तर्गत ४०० रोपनीमा कागती, सुन्तला, कफि खेतीको सुरुवात भएको छ । यो कार्यक्रमवाट कृषकहरुलाई व्यवशायीकरण, वृहत उत्पादन भई रोजगार तथा आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ । यी वृहत कृषि फर्महरुलाई कृषि सिकाइ केन्द्र (Agro Learning Center) को रुपमा विकास गरिने छ ।

५७. उत्पादन हुने कृषि क्षेत्र ह्रास हुंदै गएको छ । कृषि श्रमिकहरुको अभावलाई परिपुर्ति हुने, उत्पादन र उत्पादकत्व वृद्धि हुने खालका प्रविधिहरु विस्तार गरी कृषिमा आधुनिकीकरण, व्यवसायिकरण, औधोगिकीकरण, यान्त्रिकरणलाई निरन्तरता दिइने छ ।

५८. फलेवासवासीको दिगो र मुख्य आम्दानीको श्रोत कृषि नै हो । कृषि पेशालाई मर्यादित, व्यवशायीक र आकर्षक वनाउनु अहिलेको आवश्यकता हो । कृषकले उत्पादन गरेको कृषि वस्तुको उचितमूल्यमा विक्रि हुने वातावरण तयार गर्न संघीय सरकारबाट तय भएको न्युनतम समर्थन मूल्यमा खाद्यान्न विक्रि गर्न सहजीकरण गरिनेछ । यसवाट कृषकले उत्पादन

गरेको वस्तु उचित मूल्यमा र सहज रुपमा विक्रि हुनेछ । व्यवशायीक रुपमा कृषि उत्पादन गर्ने कृषकलाई संघीय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रममा तालमेल हुने गरी कृषि ऋणमा व्याज सहुलियत प्रदान गरिने छ ।

५९. भौगोलिक विशेषताका आधारमा सुन्तला, विउविजन, अदुवा, च्याउ, कफि, खाद्यान्न, माछा तथा माहुरीपालनको पकेटको आधारमा विविध कार्यक्रम संचालन गरिने छ । प्रतिफलमा आधारित कृषि अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६०. क्लिन फलेवास ग्रिन फलेवासको अभियान र फलफूलको पकेट क्षेत्र कार्यान्वयनमा रहेको **विरुवा हाम्रो फल तपाई**को कार्यक्रमलाई निरन्तरता दिईने ।

६१. साना तथा मझौला सिंचाई, मलखाद, विउविजन, पूंजी तथा प्रविधि उपलब्ध गराउँदै प्राङ्गारिक खेती प्रणालीलाई प्रोत्साहन गरिने छ । **टनेल हाम्रो उत्पादन तपाईँको** कार्यक्रमलाई थप विस्तार गरिने छ ।

६२. वजारको माग अनुसार कृषि उपज उत्पादन गर्ने परिपाटीलाई संस्थागत गरिने छ । सिताके च्याउ, किवी, ओखर खेती लगायत मागमा आधारित कार्यक्रम संचालन गरिने छ ।

६३. कृषि उत्पादन भूमि घट्दै गएको छ । थोरै ज्यालामा अन्यत्र काम गर्ने, आफूसंग भएको जमिन बाँझो छोड्ने क्रम वढि रहेको अवस्थामा चालु आ.व.मा खाद्यसुरक्षालाई ध्यान दिई विगत २ वर्ष देखि वांझो रहेको जमिनमा खेती गर्न प्रोत्साहन दिने कार्यक्रम अगाडी सारिएको छ । यसबाट खाद्यन्न वालीको उत्पादन वृद्धि हुने र खाद्य सुरक्षालाई टेवा पुग्ने छ । बाँझो जमिनको उपयोग हुने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

६४. खाद्यन्न वालीको विज वृद्धि, एकिकृत वाली तथा जल व्यवस्थापन, कृषक पाठशाला मार्फत कृषकहरुको ज्ञान र व्यवहारिक सीप विकास गर्न वृहत फलेवास सिंचाई क्षेत्रमा समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रमलाई निरन्तरता दिइने छ । फलेवासको समथर भूभागमा लमायखोलावाट लिफ्ट सिंचाई योजना संचालन गरी उत्पादन र उत्पादत्व वृद्धि गरिने छ ।

६५. कृषि तथा पशुपंक्षि सम्वन्धी तथ्यांक अध्यावधिक तथा विश्लेषण गरी उत्पादन र उत्पादकत्व वृद्धि हुने कार्यक्रम संचालन गरिने छ ।

६६. नगरमा हरेक वर्ष कृषकहरुले लगाउने फलफुल र डालेघाँसका विरुवाको माग वढ्दै गएको छ । विरुवाको खरिद, गुणस्तरीय विरुवाको व्यवस्थापन गर्न नगर क्षेत्र भित्र वहुउद्देश्यीय नसरी स्थापना गरिने छ । एक टोल एक नर्सरी कार्यक्रमलाई क्लिन टोल ग्रिन टोल अन्तर्गत अभियानकै रुपमा अगाडी वढाईने छ ।

६७. एक वार्ड एक पशु पालन फार्मलाई निरन्तरता दिईने छ । भैंसी तथा गाई फर्मलाई साना व्यवशायी कृषि  तथा पशुपंक्षि उत्पादन केन्द्रको रुपमा विकास गरिने छ । पशुको कृतिम गर्भधारण प्रविधिलाई विस्तार गरिने छ ।

६८. एक वर्ष भित्रै नगरलाई दुग्धजन्य पदार्थ र मासुमा आत्म निर्भर वनाइने छ । स्वस्थकर मासु विक्रिका लागि नगरमा स्थापित मासु पसलहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण मार्फत गुणस्तर कायम गरिने छ ।

६९. गाइभैसी पालन पकेट, कुखुरा पालन पकेट, वाख्रापालन पकेट जस्ता थप पकेटको विकास एवं विस्तार गरिनेछ । पकेटमा आधारित पशुपालन कार्यक्रमलाई निरन्तरता दिइनेछ । एकवडा एक पशु तथा स्थानीय कुखुरा पालन पकेटलाई विस्तार गरिनेछ ।

७०. पशुपालन नीति निर्माण गरी कार्यान्वयन गरिनेछ । नगरका पशुहरुलाई महामारी रोग विरुद्ध खोपको व्यवस्था गरिनेछ । पशु विमा कार्यक्रमको लागि कृषकहरुलाई उत्प्रेरीत गरी कृषकहरुको पशुधन सुरक्षाको प्रत्याभूति गरिनेछ ।

७१. उन्नत जातका पशुहरुको आयातमा जोड दिदै स्थानीय पशु प्रजातिहरुको संरक्षण गरिनेछ । एक गाउँ एक प्राविधिकहरुको सेवाको आवश्यकता र औचित्यका आधारमा व्यवस्थापन गरिने छ ।

७२. प्रधानमन्त्री रोजगार कार्यक्रम सामुदायिक विकास आयोजना संचालन गरी गत आ.व.वाट कार्यक्रम संचालन हुदैं आएको छ । रोजगार सेवा केन्द्र मार्फत नगर भित्र रहेका १०० वेरोजगार युवाहरु रोजगार कार्यक्रममा समाहित गरिने छ । यस कार्यले सामुदायिक पूर्वाधार विकासका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुनेछन ।

**सभा सदस्यहरु,**

## सामाजिक विकास

७३. तोकिएका विद्यार्थीहरुको लागि दिवा खाजा कार्यक्रम अगाडी वढाईने छ । चालु आ.व.मा शुरु गरिएको सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७४. सवैका लागि शिक्षा, विद्यालय व्यवस्थापन अनुदान, वाल विकास केन्द्र व्यवस्थापन, निशुल्क पाठ्य पुस्तक व्यवस्थापन कार्यक्रम निरन्तर रुपमा कार्यान्वयन गरिने छ । शैक्षिक गुणस्तर सुदृढिकरण, कार्यसम्पादनमा आधारित प्रोत्साहनमा जोड दिईने छ ।

७५. विद्यालयमा निर्माण भएको भौतिक पूर्वाधारको सदुपयोग र गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिंदै आवश्यकताका आधारमा गुणस्तरीय भौतिक पूर्वाधार निर्माण कार्यलाई अगाडी वढाईने छ ।

७६. स्थानीय कला, संस्कृति, साहित्य, धर्म तथा अन्य सामाजिक तथा साँस्कृतिक धरोहर, फलेवासको पहिचान र विशिष्टता वारे जानकारी दिन आगामी शैक्षिक सत्र देखि स्थानीय पाठ्यक्रमको विकास गरिनेछ ।

७७. शैक्षिक पहुँच सुनिश्चितता, वैकल्पिक एवं अनौपचारिक शिक्षा, सारक्षरता तथा निरन्तर शिक्षालाई जोड दिईने छ । विद्यालयमा प्रविधिमैत्री शिक्षाको प्रवर्द्धन गरिने छ । विद्यालयमा भएका कम्प्युटर तथा प्रिन्टर नियमित मर्मत संभार भै प्रयोगमा आउने वातावरण सृजना गर्न नगरमा प्राविधिक जनशक्तिको व्यवस्थापन गरि नियमित सेवा प्रवाह गरिने छ ।

७८. पहिलो वर्ष कक्षा एकवाट शुरुवात गरिएको अंग्रेजी माध्यमवाट शिक्षण सिकाइ क्रियाकलापलाई थप सवलीकरण गर्दै, पाठ्यपुस्तकमा अनुदानको व्यवस्था गरि आगामी शैक्षिक सत्र देखि कक्षा ४ मा अंग्रेजी माध्यममा पठनपाठनको विस्तार हुनेछ ।

७९. नगरमा एक कृषि कलेज स्थापनाको लागि आवश्यक पहल गरिनेछ। स्थानीय स्तरमा नै प्राविधिक जनशक्तिको आपूर्तिमा सहजताका लागि इन्जिनियरिङ विषय अध्यापन गराउन चाहने माध्यमिक विद्यालयलाई प्रोत्साहन गरिने छ । चिसापानी क्षेत्रमा प्राविधिक महाविद्यालय स्थापनाको प्रस्ताव अगाडी वढाईने छ ।

८०. नगरपालिका भित्र संचालित सवै किसिमका शिक्षा तथा शिक्षालयहरुको प्रभावकारी तथा गुणस्तरीय व्यवस्थापनको संयन्त्र निर्माण गरिने छ । विद्यालयको गुणस्तर परीक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८१. विद्यार्थीको सिकाई उपलब्धी प्रति शिक्षकलाई पूर्णत जिम्मेवार वनाइने छ । विद्यार्थीको सिकाइ उपलब्धीका आधारमा शिक्षकलाई दण्ड र पुरस्कारको व्यवस्था गरिने छ ।

८२. पर्वत वहुमुखी क्याम्पस, अन्नपूर्ण सामुदायिक क्याम्पस तथा शंकरपोखरी क्याम्पसमा आवश्यकता तथा औचित्य अनुसार संकायगत विविधिकरणमा जोड दिइने छ ।

८३. प्राविधिक कृषि तथा विज्ञान कक्षामा अध्ययनरत गरिव, जेहन्दार तथा सीमान्तकृत परिवारका विद्यार्थीहरुका लागि दिइएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

८४. मोति सामुदायिक पुस्तकालयलाई नगर क्षेत्रको अध्ययन केन्द्रको रुपमा विकास गरिने छ ।

८५. विद्यालयको पठनपाठन र व्यवस्थापनलाई थप प्रभावकारी वनाउन प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिसँग विद्यालय विकास प्रस्तावका आधारमा करार संझौता गरी गुणस्तर सुनिश्चितताको कार्यलाई अगाडी वढाइने छ । प्रसुति विदामा रहेका महिला शिक्षकहरुको स्थानमा सट्टा शिक्षकको व्यवस्थालाई निरन्तरता दिइने छ ।

८६. नगरको वस्ती, टोल तथा वडामा सडक सञ्जालीकरणले जोडेको हुंदा वस सेवा संचालन गरी विद्यार्थीको आगावमनलाई सहज वनाउन माध्यमिक विद्यालयलाई प्रोत्साहन गरिनेछ । विद्यालय मिलान, शिक्षक मिलान तथा शिक्षक वितरण कार्यलाई वस्तुनिष्ठ वनाई कार्यान्वयनमा लगिने छ । उपयुक्त विद्यालय पहिचान गरी आवासीय विद्यालयको रुपमा विकास गर्न प्रोत्साहन गरिने छ ।

८७. विद्यार्थीहरुमा सुसुप्त अवस्थामा रहेको प्रतिभालाई उजागर गर्न विविध विधामा विद्यार्थी प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम संचालन गरिने छ ।

८८. क्लिन स्कुल ग्रिन स्कुलको अभियान मार्फत विद्यार्थीहरुमा जागरण ल्याई क्लिन हाउस ग्रिन हाउन सम्म सकरात्मक प्रभाव पर्ने कार्यक्रम संचालन गरिने छ ।

८९. संघीय शैक्षिक नीतिसँग तादात्म्यता हुने गरी नगरको शैक्षिक नीति अनुसार विद्यार्थी सँख्या प्रयाप्त भएका तर विषय शिक्षक नभएका विद्यालयहरुमा योग्यता पुगेका तर तल्लो तहमा कार्यरत शिक्षकहरुलाई प्रोत्साहन तथा अस्थायी वढोत्तरी हुने गरी मिलान गरी शिक्षकको अभाव पूर्ति गरिनेछ ।

९०. सवै नागरिकको आधारभूत स्वास्थ्यमा सरल, सहज तथा गुणस्तरीय पहुँचका लागि वडा नं. ६ देविस्थानमा १५ शैयाको अस्पतालको स्थापना गरी भौतिक सुधार तथा व्यवस्थापनका लागि श्रोतको खोजी गरिनेछ ।

९१. समुदायमा नवजात शिशु, वालरोगको एकिकृत व्यवस्थापन, सरुवा रोगको रोकथाम, नियन्त्रण र उपचारको वातावरण सिर्जना गरिने छ ।

९२. हात्तिपाईले रोग विरुद्धको औषधी सेवनलाई समुदायमा प्रभावकारी वनाईने छ । पशुपंक्षिवाट सर्ने रोग वर्डफ्ल्यु, एन्फुएञ्जा लगायतका रोगको रोकथाम, नियन्त्रण र निगरानी गरिने छ ।

९३. स्थापना भई संचालनमा रहेका पाँच वटा Birthing Center हरुको गुणस्तरीयता सुनिश्चित गरिनेछ । आवश्यकताका आधारमा नगरका अन्य स्थानहरुमा पनि गुणस्तरीय Birthing Center थप गर्दै लगिने छ । मातृशिशु स्वास्थ्यको प्रवर्द्धन गर्न Zero Home Delivery को प्रवर्द्धन गरिनेछ । नगर भित्रको वर्थिङ्ग सेन्टरमा प्रसुती हुन नसकी अस्पतालमा प्रसुति हुने गर्भवतिको लागि एम्वुलेन्स खर्च उपलब्ध गराइने छ ।

९४. नगरवासीको सहज र सरल स्वास्थ्य पहुँचका लागि स्वास्थ्य चौकीहरुको स्तरवृद्धि गरिने छ । आधारभूत स्वास्थ्य सेवाका लागि स्वास्थ्य चौकीवाट प्रदान गर्दै आएका अत्यावश्यक औषधिको आपूर्ति समयमा नै व्यवस्थापन गरिने छ ।

९५. नगरवासीहरुलाई सहज स्वास्थ्य सेवाका लागि आयोजना गर्दै आएको वृहत स्वास्थ्य सिविरलाई निरन्तरता दिइने छ । नगरपालिकाको केन्द्रमा रहेको धुलिखेल अस्पताल, नगर क्षेत्र भित्र रहेका टेलिमेडिसिन र अन्य स्वास्थ्य संस्थासंग समन्वय र सहकार्य गरिने छ ।

९६. लागु औषधमुक्त नगरको रुपमा फलेवासलाई विकास गर्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा सामाजिक अभियान्ताको परिचालनलाई थप प्रभापकारी वनाईनेछ ।

९७. मातृशिशु तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, न्यानो झोला वितरण, निशुल्क गर्भपत सेवालाई निरन्तरता दिईने छ ।

९८. आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवालाई प्रभावकारी सञ्चालन गरिने छ । वाह्य खोप केन्द्रको भौतिक सुधार गरी सेवालाई प्रभावकारी वनाईने छ ।

९९. क्षयरोग नियन्त्रण कार्यक्रम, एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, एकीकृत वाल स्वास्थ्य तथा पोषण कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम, अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम र उपचारात्मक

सेवा कार्यक्रमलाई सघन रुपमा संचालन गरी नागरिकहरुमा स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ ।

१००. नगर क्षेत्रमा चालु आर्थिक वर्षमा शुरु गरेको जेष्ठनागरिक स्वास्थ्य सेवा कार्यक्रम थप विस्तार गरिने छ । जेष्ठ नागरिकको घरमा नगरपालिको सेवा कार्यक्रमलाई निरन्तरता दिईने छ । जेष्ठ नागरिकको ज्ञान, सीप, अनुभवलाई पुस्तान्तरण गर्ने नविन कार्यक्रम ल्याइनेछ । यस कार्यक्रमले जेष्ठनागरिकको सम्मान, घरपरिवारको कर्तव्यवोध, स्वास्थ्य सेवाको पहुँच घरघरमा पुगि सम्मानित नागरिक सहितको जिवनयापन गर्न मद्धत पुग्नेछ ।

१०१. विद्यार्थी मार्फत घरघरमा स्वास्थ्य एवं सरसफाईको सन्देश प्रवाह हुने गरी विद्यालयमा विद्यार्थी हेल्थ क्लव गठन गरी जनचेतना अभिवृद्धि गरिने छ । गाउँमा रहेका स्वास्थ्य आमा समुहहरुलाई वालवालिकाको खोप, महामारीमा सचेतना, व्यक्तिगत सरसफाई, क्लिन हाउस ग्रिन हाउसको सचेतना अभिवृद्धि गरी स्वच्छ समाज निर्माणमा परिचालन गरिने छ ।

१०२. नि:शुल्क आधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुलभ र सरल पहुँचका लागि नगरपालिकाले उच्च प्राथमिकता राखी कार्य गरेको छ । स्वास्थ्य बीमा कार्यक्रम सबै वडाका प्रत्येक घर परिवारमा विस्तार हुने वातावरण सृजना गरिनेछ ।

१०३. आयुर्वेद स्वास्थ्यलाई पूर्विय वाङ्गमयको स्वास्थ्य केन्द्रको रुपमा विकास गरिने छ । योग शिक्षा तथा ध्यान केन्द्रहरुको विकास गरी सकरात्मक जीवन पद्धति तथा सामाजिक विकासमा उपयोग गरिने छ ।

१०४.जडिवुटिको पहिचान र नर्सरी स्थापना गर्न जडिवुटि खेतिलाई प्रोत्साहन गरिने छ । नगरमा उपलब्ध जडिवुटिहरुको संरक्षण, विकास तथा उपयोगमा जोड दिइने छ । रोगको प्रतिरक्षा गर्न सक्ने क्षमता वढाउन जडिवुटिको उप्रयोगलाई वढावा दिईने छ ।

१०५. नगरवासीलाई स्वच्छ खानेपानी सुविधाका लागि एक घर एक धारा कार्यक्रम संघीय तथा प्रादेशिक सरकारको साझेदारीमा संचालन गरिनेछ । पानीका मुहान संरक्षण कार्यक्रम, लिफ्ट खानेपानी आयोजना तथा संभाव्य ठाँउमा जमिनमुनिको पानी निकाल्ने प्रविधिको विस्तार गरिनेछ । मुहान देखि मुखसम्म

शुद्ध खानेपानी उपलव्धताको शुरुवात गरि खानेपानीको स्वच्छता र गुणस्तरीयताको सुनिश्चितता गरिनेछ ।

१०६. क्लिन फलेवास ग्रिन फलेवास अभियान मार्फत व्यक्तिगत, सामाजिक तथा मानवीय स्वच्छता, घरयासी, वातावरणीय सरसफाईमा जोड दिइनेछ ।

१०७. घरवाट निष्कासन हुने कुहिने फोहोरलाई कम्पोष्ट मल निर्माण गर्ने र नकुहिने फोहोरलाई वर्गिकरण गरी उचित व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । नगरको उपयुक्त स्थानमा नकुहिने, विक्रि नहुने फोहोरलई विसर्जन गर्ने डयाम्पिङ्ग साईडको व्यवस्था गरिने छ ।

१०८. नगरमा भित्र अभ्यासमा रहेका सवै किसिमका संस्कृतिको संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरु पहिलो वर्षवाट प्रारम्भ गरिएको छ । नौमती एवं पन्चेवाजा संरक्षण, लोकगीत, भजनको संरक्षण, आदिवासी तथा जनजातिहरुका मौलिक संस्कृतिको संरक्षण, परंपरागत पेशा, सीप तथा व्यवसायहरुको संरक्षणका कार्यक्रम सघन रुपमा संचालन भै रहेका छन् । आगामी आर्थिक वर्षमा पनि यी कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

१०९. सवै परंपरागत कला, सीप, व्यावसाय तथा रहनसहनलाई नगरको वौद्धिक संम्पतिको रुपमा सुचिकृत गरी तिनिहरुको संरक्षण र विकास गरिनेछ ।

११०. फलेवासमा रहेका ऐतिहाँसिक मठमन्दिर, देवालय, कोत, गुठी, पाटीपौवा तथा अन्य धार्मिक स्थलहरुको संरक्षण र विकासमा जोड दिइने छ । सवै परमंपरागत स्थलहरुको विकासले धार्मिक पर्यटकीय संभावनालाई उजागर गर्नेछ ।

१११. खेलकुदको माध्यमवाट मानव स्वास्थ, अनुशासन, कर्तव्यपरायण तथा राष्ट्रप्रेमी असल नागरिक निर्माणमा जोड दिइने छ । पहिलो वर्ष देखि नै नगर स्तरीय खेलकुद मैदान, वार्ड स्तरीय खेलकुद मैदान र टोल स्तरीय खेलकुद मैदान निर्माणलाई जोड दिई खेल मैदानहरु निर्माण भएका छन । वडा नं. ६ देविस्थानको माझिचौर (राहाले) मा डि.पि.आर. तयार भै रङ्गशाला निर्माण शुभारम्भ भएको छ । यस कार्यले छिमेकी पालिका जैमुनि, विहादी, महाशिला, कुस्माका खेलाडीहरुलाई समेत प्रोत्साहन पुग्ने छ । रङ्गशाला निर्माणका लागि अन्य श्रोतको खोजी गरी अन्य साझेदारसँग समेत सहकार्य गरिनेछ ।

११२. हरेक वर्ष आयोजना हुदैं आएको राष्ट्रपति रनिङ शिल्ड र मेयर कप खेलकुद प्रतियोगिता चालु वर्ष समेत सम्पूर्ण तयारी पुरा भई अन्तिम दिनमा कोभिड १९ को महामारीले गर्दा कार्यान्वयनमा कठिनाई रहयो । राष्ट्रपति रनिङ शिल्ड र मेयर कप खेलकुद प्रतियोगिताका कार्यक्रमलाई हरेक वर्ष नियमित रुपमा संचालन गरिने छ । नगरमा खेलाडिहरुको पहिचान, प्रोत्साहन र खेलको विकास भएको छ । खेलाडीहरुलाई खेलकुदमा प्रोत्साहन हुने कार्यक्रम संचालन गरिने छ ।

११३. अन्तराष्ट्रिय खेलमा सहभागि भै नगरको इज्जत वढाउने खेलाडीहरुलाई विषेश प्रोत्साहन गरिनेछ । नगर क्षेत्र वाहिरका विभिन्न प्रतिस्पर्धामा उत्कृष्टता हांसिल गर्ने खेलाडीहरुलाई गरिने सम्मान तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

११४. खेलकुदले खेलाडीहरु वीच सौहार्दताको वातावरण सिर्जना हुनुका साथै आन्तरिक पर्यटनको विकासमा समेत सहयोग पुग्नेछ । अन्तरपालिका स्तरीय मेयर कप खेलकुदको आयोजना गरिने छ ।

११५. युवा क्लवहरुको प्रवर्द्धन गरी नमुना युवा संसद अभ्यास आयोजना गरी युवाहरुको नेतृत्व विकास, अनुशासन र वक्तृत्व कलाको विकासमा जोड दिईने छ । युवा प्रतिभा पहिचान गरी सामाजिक जागरण र रुपान्तरणमा युवाहरु परिचालन गरिने छ । युवा उद्यमशिलता विकास गरी स्वरोजगार, आर्थिक विकासमा जोड दिईने छ । युवा परामर्श कार्यक्रम संचालन गरी सकरात्मक सोचको विकास र सामुदायिक विकासमा युवाहरुलाई समाहित गरिने छ ।

११६. सामाजिक समावेशिकरण, लैंगिक हिंसा न्युनिकरणका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

११७. नगरको समग्र विकासका लागि महिला, तेस्रो लिङ्गी, यौनिक अल्पसंख्यक, वालवालिका, जेष्ठनागरिकको सहभागिता, क्षमता विकास र संस्थागत विकासका कार्यक्रम निरन्तर कार्यान्वयन गरिने छ ।

११८. महिलाहरुको आर्थिक विकास, सामाजिक विकास र क्षमता विकासमा टेवा पुग्ने कार्यक्रम संचालन गरिने छ । एक वार्ड एक महिला उद्योग कार्यक्रमलाई निरन्तरता दिईने छ ।

११९. वेरोजगार महिलाहरुको रोजगार र उद्यमशीलता विकासका कार्यक्रमहरु लघुउद्यम विकास कार्यक्रम मार्फत संचालन गरि स्वरोजगार सिर्जना गरिने छ । सवै वडामा गठन भएका महिला समुहको संस्थागत विकास र सामाजिक रुपान्तरणतर्फ अभिप्रेरित गरिनेछ ।

१२०. वालवालिकाको हक र अधिकारको सुनिश्चितताका कार्यक्रमहरु विद्यालय र समुदाय स्तरमा संचालन गरिनेछ । वाल अधिकार, अपांगताका सवालहरुलाई नगर, वार्ड, टोल, वस्ती हुंदै घरपरिवार सम्म संवोधन हुने वातावरण सृजना गरिने छ । वालवालिका, अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, विकास तथा मूल प्रवाहीकरणका सघन कार्यक्रमहरु ल्याइनेछ । अभिभावक विहीन वालवालिकाको संरक्षण गरी सहज जिवनयापन, अनिवार्य पठनपाठन, स्वास्थ्य सेवा लगायत सहभागिताको अधिकारलाई सुनिश्चित गरिने छ ।

१२१. महिलासंग उपमेयर कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिने छ । महिला शसक्तिकरण र महिला आयआर्जन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

नगरलाई पूर्णत लैङ्गीक हिंसा मुक्त नगर घोषणा गर्न समुदाय तथा विद्यालयस्तरमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । सवै प्रकारका लैङ्गीक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ । जेष्ठ नागरिक, एकल महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, मुस्लीम, वोटे, कुमालका साथै सीमान्तकृत र अति सीमान्तकृत नागरिकको उत्थान र विकासका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१२२. विदेशवाट स्वदेश फर्केका वेरोजगार युवाहरुको उद्यम विकास, आयआर्जन र व्यवशायीकरण हुने खालका कार्यक्रम संचालन गरि गाउँमै वसौं यही उद्यम गरौं भन्ने वातावरण तयार गरिने छ ।

१२३. नयाँ सार्वजनिक भौतिक संरचना निर्माण गर्दा वालमैत्री, आपाङ्गतामैत्री, लैङ्गीकमैत्री तथा जेष्ठ नागरिक मैत्री वनाउन अनिवार्यता गरिनेछ ।

१२४. व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गरी चुस्तदुरुस्त गराई सेवा प्रदान गरिने छ । व्यक्तिगत घटना दर्ता सिविरको आयोजना गरी नगरवासीलाई सहज वातावरण सृजना गरिने छ ।

१२५. सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरिक, एकल महिला, दलित बालवालिका, अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने मासिक सुविधा वैंक खाता मार्फत टोल र बस्ती स्तरमा नै उपलब्ध गराउने ब्यवस्था मिलाइने छ ।

१२६. स्थानीय विवादहरु नगरमा सुचिकृत भएका मध्यस्थकर्ता मार्फत मध्यस्तता तथा मेलमिलाप गरी समाधान हुने वातावरण सृजना गरिने छ । नगरमा एउटा छुट्टै मेलमिलाप सहायता कक्षको स्थापना गरी समुदाय स्तरका विवादहरु समाधान गरिने छ। गम्भिर प्रकृतिका विवाद तथा कसुरहरुको कानुनी उपचारको लागि सहजीरण गरिनेछ ।

१२७. दिगो विकास लक्ष्यको कार्यान्वयनमा गैरसरकारी संस्था तथा नीजि क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारी आवश्यक छ । गैरसरकारी संस्था महासंघको समन्वयमा नगरमा क्रियाशील गैससहरुले संचालन गरेका परियोजना तथा कार्यक्रमको समिक्षा गरिने छ ।

गैससमा भएको विज्ञता, अनुभव, उपलब्ध स्रोत, समुदाय परिचालनको अवस्था, विगतको कार्यसंपादन स्तरको मूल्यांकन गर्दै क्लिन फलेवास ग्रिन फलेवास, गरिवी निवारण, सामाजिक समावेशीकरण तथा सुशासन प्रवर्द्धनमा गैरसरकारी संस्थालाई नगर विकासको सहयात्रीको रुपमा परिचालन गरिने छ ।

**सभा सदस्यहरु,**

## वन, वातावरण तथा विपत व्यवस्थापन

१२८. एक वडा एक वरपिपल, स्वामी सहितको चौतारी तथा पोखरीको संरक्षण कार्यलाई निरन्तरता दिइनेछ । आगामी २ वर्ष भित्र नगरका सवै वडाहरुमा कम्तिमा एक चौतारी एक पोखरी निर्माण गर्ने कार्य सम्पन्न गरिने छ । नगरको उच्च क्षेत्रमा माटे पोखरी निर्माण गरी पानीका मुहान संरक्षण तथा जलाधार क्षेत्र संरक्षण गरिने छ ।

१२९. दीगो विकासका लक्ष्यहरु पुरा गर्ने गरी नगरका योजना तथा कार्यक्रमहरु संचालन हुनेछन् । जलवायु अनुकुलन कार्यक्रमलाई विकास योजनामा आन्तरिकीकरण गरिनेछ ।

१३०. नदी तथा खोलाजन्य प्रकोप नियन्त्रणका लागि कालिगण्डकी, मोदी , लमाए, मल्यांङ्गदी, चिर्दी, जमले, खाल्टे, लुवाखोला लगायतका नदी तथा खोला किनारहरुमा कटान रोक्न आवश्यक तटवन्धन तथा वस्ती संरक्षण योजनाहरु संचालन गरिनेछ ।

१३१. प्लास्टिक वाल्न पनि हुन्न र फाल्न पनि हुन्न भन्ने अभियानलाई अगाडी वढाईने छ । फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने कार्यक्रम ल्याइनेछ । स्वच्छ वातावरणमा वाँच्न पाउने हकको प्रत्याभूत गर्न वातावरणीय स्वच्छताका कार्यक्रमहरु अगाडी वढाईने छ ।

१३२. प्रकोप व्यवस्थापन, विपद् तथा प्रकोपमा तत्काल उद्धार गर्न तथा प्रकोप नियन्त्रण गर्न उद्धार सामग्रीको व्यवस्था गरी चालु हालतमा राखिनेछ । यसका लागि सामुदायिक संस्था, नेपाल प्रहरी, रेडक्रस तथा अन्य सरोकारवाला निकायहरु वीचको समन्वय प्रभावकारी गराइनेछ ।

नगर प्रहरी, एक टोल तीन स्वयंसेवक समुह गठन गरि विपत तथा प्रकोप न्युनिकरण र व्यवस्थापन गरिने छ । विपद्वाट

सिर्जना भएका जोखिम तथा हानीहरु न्यूनीकरण गरी दिगो रुपमा पूनर्स्थापना गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**सभा सदस्यहरु,**

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१३३. नगर सरकारको सेवालाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउदै लैजानु आजको आवश्यकता हो । जनशक्तिको समुचित व्यवस्थापन गर्दै जवाफदेही, जिम्मेवारीपूर्ण र सेवाग्राही मैत्री व्यवहार आमनागरिकको अपेक्षा हो । यसर्थ, आगामी दिनमा नगरको प्रशासनिक संचना, जनशक्ति, कार्यशैली, कार्यविधि र प्रक्रिया नयाँ प्रविधि, ज्ञान, सीप र क्षमतामा आधारित नागरिक पहुँचमैत्री बनाउदै लैजाने नीति लिइनेछ । नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीलाई लक्षित गरी क्षमता विकास र अध्ययन अवलोकन भ्रमणका कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१३४. नागरिक मैत्री सेवा प्रवाहको सुनिश्चिततताको लागि कर्मचारीहरुलाई परिणाम प्रति उत्तरदायी वनाइनेछ । नयाँ सांगठनिक संरचना अनुरुप कर्मचारीको पदस्थापना गरी

कार्मचारीको कार्यसम्पादनलाई व्यवसायिक र प्रतिश्पर्धी बनाईनेछ । कार्यसम्पादन तथा उपलब्धीमा आधारित प्रोत्साहन प्रणाली अवलम्वन गरी कर्मचारीको मनोवल उच्च राखिनेछ ।

१३५. नगरका वडा कार्यालय, स्वास्थ्य संस्था, कृषि तथा पुश सेवा केन्द्रहरु र नगर कार्यपालिकाको कार्यालय नगरवासीमैत्री वनाई विकास सम्वाद, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोग गर्दै पारदर्शीता, उत्तरदायित्व र जनविश्वास आर्जन गर्ने कार्यगत ब्यवस्था मिलाइनेछ ।

१३६. स्थानीय तहमा कार्यरत अस्थायी तथा सेवा करारमा रहेका कर्मचारीहरुको न्यायोचित वृत्ति विकास, योगदानमा आधारित अवकास कोष/श्रमिक कल्याण कोषको शुरुवात गरी मनोवल वृद्धि गरिने छ, दरवन्दी संरचना अनुसार कार्यरत कर्मचारीको

सेवासुविधा व्यवस्थापन गरिने छ । औचित्य र आवश्यकताको आधारमा सेवामा निरन्तरता दिइने छ ।

१३७. नगरको विकासका लागि विकास साझेदारमैत्री वातावरण सिर्जना गरिनेछ । ठुला तथा नगरका गौरवका योजनाहरु संचालन गर्न संघ सरकार, प्रदेश सरकार तथा अन्य साझेदार निकायहरुसँग साझेदारीता गर्ने कार्यलाई निरन्तरता दिइनेछ । यसका लागि समपुरक कोषको व्यवस्था गरिनेछ ।

१३८. नगर क्षेत्रको विकास क्रियाकलापमा आउन सक्ने वित्तीय जोखीम न्यूनीकरणका लागि पुरानो पेश्की, वेरुजु फछ्र्यौटलाई प्रभावकारी कार्यान्वयनमा जोड दिईने छ । खर्च व्यवस्थापन गर्दा आर्थिक वर्ष समाप्त हुँदा शून्य पेश्की र शून्य वेरुजुको सिद्धान्तलाई व्यवहारमा लागू गर्ने नीति लिइनेछ । नगरपालिकाबाट योजना सञ्चालन गर्दा रनिङ्ग विल र कार्य प्रगतिको आधारमा भूक्तानी गर्ने परिपाटीको विकास गरिनेछ ।

१३९. नगर क्षेत्रको विकासमा अवरोध गर्ने, सडक तथा नदी, खोला नालाको क्षेत्राधिकार मिच्ने, मास्ने तथा नष्ट गर्ने, जमिन, घर तथा भौतिक संरचनामा स्वीकृत मापदण्ड विपरितको कार्य गर्ने व्यक्ति तथा समूहको पहिचान गरी नगर स्तरीय लगत खडा

गरिनेछ । वडा तथा नगर कार्यपालिकाले ती व्यक्ति तथा समूहलाई नियमन गर्दै कानूनी दायरामा ल्याइने छ ।

१४०. नगरको उपलव्धीको प्रचार प्रसार, नगरवासीहरुलाई सुसुचित, कार्यान्वयन भएका कार्यक्रमहरुको सार्वजनिकिकरण नियमित रुपमा गरिने छ । स्थानीय संचार माध्यमको सवलीकरणलाई निरन्तरता दिईने छ ।

१४१. स्थानीय सरकारले संपादन गर्ने अधिकारको कार्यान्वयनका लागि फलेवास नगर कार्यपालिकाले कानून निर्माण गरिरहेको छ । उक्त कानूनको कार्यान्वयनवाट नगरवासीहरुलाई स्थानीय सरकारको प्रत्याभूति प्रदान गरेको छ ।

स्थानीय सरकारको अधिकार कार्यान्वयनका लागि एकल तथा साझा सूचिमा रहेको अधिकार अन्तरगतका कानूनहरु आवश्यकताका आधारमा निर्माण गरिनेछ ।

१४२. नागरिकको सूचनाको हकलाई प्रत्याभूत गर्न नगरका नीति, कानून, राजपत्र मार्फत प्रकाशन गरिएको छ । नगरका निर्णयहरु वेवसाइट मार्फत प्रकाशन गरिएको छ । नगरवाट निर्माण गरिने नीति, नियम ऐन कानुनहरुमा सार्वजनिक

पृष्ठपोषणका लागि नगरको वेवसाइटमा प्रकाशन गर्ने गरिएको छ । यस कार्यलाई अझ सवलिकरण गर्दै निरन्तरता दिइने छ ।

१४३. नगर क्षेत्रमा स्थापित आमा समुह, भजनमण्डली, वाजा समुह आदिलाई व्यावसायिक, उद्यमशील वनाउदै रोजगार उन्मुख वनाउने कार्यक्रमलाई सघन रुपमा संचालन गरिनेछ ।

१४४. गठन भएका टोल विकास संस्थाहरुलाई नगर विकासको अभियानमा समाहित गरिनेछ । टोल टोलको विकासका लागि टोल विकास संस्था मार्फत नागरिक सचेतनाका कार्यक्रमहरु सँचालन गरिनेछ ।

१४५. नेपाल प्रहरीसँगको सहकार्यमा सुरक्षा व्यवस्थालाई सुदृढ वनाइनेछ । नगरमा सुरक्षा व्यवस्थापन, नगर कार्यपालिकाका निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउन, सार्वजनिक सम्पतीको संरक्षण गर्न नगर प्रहरीको व्यवस्थापन गरिने छ ।

१४६. करको दर कम र दायरा फराकिलो वनाउने कार्यको शुरुवात गरिएको छ । नगर विकासमा सवै नागरिकको स्वामित्व स्थापना गर्न सवैलाई करमा समाहित गरिएको छ । गरिवमैत्री कर वा प्रगतिशील कर प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिने छ । नगरले पहिचान गरेका विपन्न, सिमान्तकृत समुह,

अतिसिमान्तकृत परिवारलाई लाग्ने कर तथा सेवा शुल्क पूर्ण रुपमा निशुल्क गरिने छ । कर प्रणालीलाई विद्युतिय माध्यममा आवद्ध गर्दै लगिनेछ ।

**सभा सदस्यहरु,**

१४७. अन्त्यमा फलेवास नगर कार्यपालिकाको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयन गरी कृषि पर्यटन पूर्वाधार र रोजगार : समृद्ध फलेवास सुन्दरताको आधार निर्माण गर्न यहाँहरुको साथ, समर्थन र सहयोगको उच्च प्रशंसा गर्दै आगामी दिनमा पनि अझै वढी सार्थक र समालोचनात्मक सहयात्राको लागि संपूर्ण नगरवासी आमावुवा, दिदीवहिनी, दाजुभाई तथा सवै सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु ।

फलेवास र फलेवासीको जय होस ।

धन्यवाद ।

पदमपाणी शर्मा
**नगर प्रमुख**
फलेवास नगर कार्यपालिका, पर्वत